प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**सुदुरपश्चिम प्रदेश कार्यालय**

धनगढी,कैलाली

**Phone : 091-412188**
Email : ctevtspokailali@gmail.com
Website :www.ctevtsppo.org.np

# डिप्लोमा तथा प्रमाणपत्र तहमा रिक्त रहन गएका वर्गिकृत ( निःशुल्क) छात्रवृति कोटा /सिटमा भर्ना सिफारिस गरिएको अत्यन्त जरुरी सूचना

**प्रकाशित मिति : २०७७।०९।२३**

यस सुदुरपश्चिम प्रदेशद्वारा मिति २०७७।०९।०८ गते डिप्लोमा तथा प्रमाणपत्र तह तर्फको वर्गिकृत (निशुल्क) छात्रवृत्ती कोटा/सिट रिक्त रहेको सूचना प्रकाशित गरी प्रवेश भर्ना प्रकृयामा समावेश भई क्रमशः मितिः २०७७।०७।२४गते ,२०७७।०८।२४ गते प्रकाशित नतिजा अनुसार सिफारिस भएका मुख्य उम्मेदवारहरु साथै भर्ना प्रकृयामा छुट्न गएका मुख्य उम्मेदवार,बैकल्पिक तथा पास लिस्टका सुचिमा रहेका इच्छुक परिक्षार्थीहरुबाट मिति २०७७।०९।१४ गते कार्यालय समय भित्र यस कार्यालयमा माग गरी आवेदन प्राप्त परिक्षार्थीहरुको डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन,छात्रवृत्ती वितरण एवं भर्ना निर्देशिका २०७४ (तेस्रो संशोधन २०७७) तथा उल्लेखित सूचना बमोजिम योग्यताक्रम अनुसार नतिजा प्रकाशन गरी शिक्षण संस्थाहरुमा भर्नाका लागि सिफारिस गरिएको व्येहोरा सूचित गरिन्छ । साथै रित नपुगेका एवं कागजपत्र अपुग भएका आवेदनहरु रद्ध गरिएको छ ।

छनौट भएका मुख्य उम्मेदवारहरुले सिफारिस गरिएको शिक्षण संस्थामा मिति २०७७।०९।२९ गते सम्म कार्यालय समय भित्र आफ्नो शैक्षिक योग्यताका सक्कलै कागजपत्र, नागरिकता/जन्मदर्ता कागज, लक्षित समुहमा छनौट भएको भए सोको प्रमाणपत्रहरु र online छात्रवृत्ति छनौट आवेदन फाराम भर्दा प्राप्त भएको प्रवेशपत्र सहित सिफारिस गरिएको शिक्षण संस्थामा भर्ना भई सक्नुपर्ने छ । सम्बन्धित शिक्षण संस्थाहरुले यसै सुचनालाई आधार मानी नतिजामा उल्लेखित कक्षा १० र ८ को GPA / प्रतिशत सँग सम्बन्धित उम्मेदवारका शैक्षिक योग्यताका सक्कलै कागजात भिडाई, सरकारी सामुदायिक विद्यालय भए / नभएको र TSLC बाट छनौट भएको हकमा आगिंक वा त्रिभुवन विश्व-विद्यालयबाट अध्ययन गरेको प्रमाणपत्र र सोमा भएको प्रतिशत समेत यकिन गरी भर्ना गर्न गराउन हुन र तोकिएको मिति र समय भित्र भर्ना हुन नआई कोटा रिक्त रहेमा भर्ना हुन नआएको उम्मेदवारको नाम,अनुमति नम्बर, लक्षित समुह समेत उल्लेख गरि भर्ना म्याद सकिएको मिति पछिको ३ (तिन) दिन (मिति २०७७।१०।०४) भित्र यस कार्यालयको इमेल ctevtspokailali@gmail.com र सोको वोद्यार्थ परिषद् परीक्षा नियन्त्रण कार्यालय -oce.ctevt@gmail.com ) मा अनिवार्य रुपमा पठाउनु हुन अनुरोध छ ।

समयमा जानकारी नगराई छात्रवृत्ति व्यवस्थापन कार्यमा असहयोग गर्ने संस्थालाई डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एंव भर्ना सम्बन्धी निर्देशिका २०७४ ( तेश्रो संशोधन २०७७) अनुसार भै जाने व्यहोरा समेत जानकारी गराईन्छ ।

निर्देशक